राष्ट्रिय प्रकृति संरक्षण कोष
सदर चिडियाखाना

**Chimpanzee Enclosure**

# निर्माण कार्य सम्बन्धि

## सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रकाशित मिति २०७८ जेष्ठ ६ गते बिहिबार ।  सूचना नं ०५।२०७७।०७८

यस सदर चिडियाखाना परिसरमा Chimpanzee Enclosure निर्माण कार्य सिलबन्दी बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले ईच्छुक स्थायी लेखा नम्वर लिई मु.अ.करमा दर्ता भै नियमानुसार कर चुक्ता भएका ईजाजत् प्राप्त निर्माण व्यवसायीहरुबाट तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वक सिलबन्दी बोलपत्र आव्हान गरिएकोछ ।

१) बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र चालु आर्थिक बर्षको नवीकरण गरेको फर्म दर्ता प्रमाणपत्र, ईजाजत् पत्र, आ.ब. २०७६/०७७ को आयकर चुक्ता प्रमाणपत्र, मू.अ.करमा दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु निवेदनसाथ संलग्न राखि सम्वन्धित पदाधिकारीको दस्तखत र कोषको छाप लागेको सिलवन्दी बोलपत्र फाराम फिर्ता नहुने गरी रु. ३०००।- (तीन हजार मात्र) तिरी सदर चिडियाखाना, जावलाखेल, ललितपुरबाट र राष्ट्रिय प्रकृति संरक्षण कोष, केन्द्रीय कार्यालय खुमलटारबाट खरिद गर्न सकिनेछ ।

२) बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र माथि उल्लेखित प्रमाणित कागजातहरु समेत समावेश गरी सदर चिडियाखाना, जावलाखेल, ललितपुरमा दाखिला गरिसक्नु पर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु दाखिला गर्ने दिनको ३:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा सदर चिडियाखाना, जावलाखेल, ललितपुरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३) एक फर्म वा संस्थाको नाममा खरिद भएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।

४) निर्माण कार्यको ड्रोइङ्ग, डिजाइन र स्पेसिफिकेशन बोलपत्र फारामसाथ उपलब्ध हुनेछ । यसको पूर्व जानकारी आवश्यक परेमा कार्यालय समय भित्र सदर चिडियाखाना, जावलाखेल, ललितपुरको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

५) सिलवन्दी बोलपत्र दररेट भर्दा मु.अ.कर बाहेकको रकम अंक र अक्षर दुवैमा स्पष्टसंग लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६) सिलवन्दी बोलपत्रको मान्य अवधि दाखिला हुने अन्तिम मितिवाट ९० दिनको हुनेछ । बोलपत्रदाताले रु. ३,०४,०००।- (अक्षरुपी तीन लाख चार हजार मात्र) मा नघटाई बोलपत्रको मान्य अवधिभन्दा कम्तिमा ३० दिन बढी अवधिको मान्यता प्राप्त बाणिज्य बैंकले यस सदर चिडियाखानाको नाममा जारी गरेको बैंक जमानत (बैंक ग्यारेण्टी) को सक्कल प्रति वा यस सदर चिडियाखानाको नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, जावलाखेल शाखा, ललितपुर मा रहेको चल्ती खाता नम्वर ०५३-०१०५-००००९२७ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

७) बोलपत्र स्वीकृत भएपछि कवोल रकमको ५% (पाँच प्रतिशत) ले हुन आउने रकमको कार्य सम्पादन धरौटी निवेदनसाथ राखि सम्झौता गर्न आउनु पर्नेछ ।

८) बोलपत्रदाता निर्माण कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित निर्माण कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

९) आवश्यक कागजातहरु नभएको,रित नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, बोलपत्र सिलवन्दी लाहाछाप भई नआएको, निर्धारित ढांचामा नभएको, बोलपत्रदाता वा सो को प्रतिनिधिको सही तथा छाप नभएको, केरमेट गरि दस्तखत नभएको र अधुरो किसिमले भरिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन । साथै सिलवन्दी बोलपत्रको खाम बाहिर फर्म वा कम्पनीको नाम, ठेगाना लेखी छाप समेत लगाउनु पर्नेछ ।

१०) बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोहि समयमा हुनेछ ।

११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सदर चिडियाखानासंग सुरक्षित रहनेछ ।

१२) यो सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानून, नियमानुसार हुनेछ ।

१३) निर्माण कार्यको विवरण तथा अनुमानित लागत देहाय बमोजिम रहेकोछ ।

| ठेक्का नं. | कामको नाम | अनुमानित लागत (मु.अ.कर र कन्टिन्जेसी बाहेक) रु. | बोलपत्रदाताको वर्ग | दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| ०५।२०७७।०७८ | Construction of Chimpanzee Enclosure | ९५,३२,६१६।३६ | निर्माण व्यवसायी कम्पनी | ३,०००।- | |

**मिति २०७८।०२।०६ गतेको गोरखापत्रमा प्रकाशित सूचना संग सम्बन्धित विस्तृत सूचना**

**नोटः कार्यालय खुल्ने समयः** सदर चिडियाखाना, विहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म । (आइतबार देखि शुक्रबारसम्म)
राष्ट्रिय प्रकृति संरक्षण कोष, विहान ९:०० बजेदेखि बेलुका ५:०० बजेसम्म । (सोमबार देखि शुक्रबारसम्म)